नार्पा भूमि गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड: ०९** **संख्या: ०२** **मिति: २०८२/०३/३०**

**भाग-१**

**नार्पा भूमि गाउँपालिका**

## नार्पा भूमि गाउँपालिकाको आर्थिक ऐन, २०८२

*सभा समक्ष पेश मिति: २०८२/०३/१०*

*सभाबाट स्वीकृत मिति: २०८२/०३/२३*

*प्रमाणिकरण मिति:२०८२/०३/२३*

**प्रस्तावना :** नार्पा भूमि गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नार्पा भूमि गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “आर्थिक ऐन २०८२” रहेको छ ।
(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि नार्पा भूमि गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूची (१) बमोजिम भूमि कर(मालपोत)लगाइने र असुल उपर गरिनेछ। (एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)

३. **सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर, घर र घट्ट कर लगाइने र असूल उपर गरिनेछ।

४. **घर जग्गा बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा गुफा पुरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूची (३) बमोजिम घर/जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र ब्यापार,ब्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले यार्चागुम्बु, जिम्बु, भुई लसुन, धुपीको धुप तथा अन्य धुपजन्य वनपैदावरहरु, जडिबुटी, आयुर्वेदिक कच्चा पदार्थहरु, वनकस, खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको ऊन, हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तु तथा जीवजन्तुको संकलन र  पैठारी तथा निकासीको व्यापारिक र व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइनेछ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन ब्यबसाय सेवामा अनुसूची (८) बमोजिम ब्यबसाय कर लगाइने र असुल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम गण्डकी प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र सरकारी, पर्ति र सार्वजनिक जग्गामा आफुले निर्माण, रेखदेख वा संचालन गरेका कुनै स्वरुपको संरचना, क्याम्पिङ स्थल तथा अन्य कुनैपनि व्यवसाय अनुसूची (९) मा उल्लेख भए अनुसार निश्चित समयावधिको लागि गाउँपालिकासँग सम्झौता गरि लिजमा लिएर व्यवसाय सञ्चालन गर्नेलाई बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिने छ।

११. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, सिफारिस तथा प्रमाणित दस्तुर :** गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखाहरुद्धारा प्रदान गरिने सेवा र विविध सिफारिस तथा प्रमाणित वापत अनुसूची(११) बमोजिमको दस्तुर असुल उपर गरिनेछ ।

१३. **अन्य राजश्व :** गाउँपालिकाको कार्यालयद्धारा हाईड्रोलिक स्काईभेटर, टायकटर,साउण्ड सिस्टम, प्रोजेक्टर तथा हलभाडा वापत अनुसूची (१२) बमोजिम दस्तुर असुल उपर गरिनेछ ।

१४. **पर्यटन प्रवेश शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्कि सम्पदा, स्रग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत र सरसफाईको निम्ति सरसफाई शुल्क पनि पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१५. **अन्य सिफारिस प्रमाणित तथा दर्ता शुल्क :** गाउँपालिकाले प्रदान गर्ने विविध सिफारिस प्रमाणित तथा दर्ता सेवा वापत अनुसूची ( १४ ) बमोजिम शुल्क असुल उपर गरिनेछ ।

१६. **ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्राख, दहत्त र बहत्तरमा प्राकृतिक स्रोत कर :** अन्नपूर्ण संरक्षण क्षेत्र बाहेक गाउँपालिका क्षेत्रभित्रको ढुंगा, गिट्टी, स्लेट, बालुवा, कचुनढुंगा, अभ्राख आदि कुनै व्यक्ति वा संस्थाले प्रयोग गरे वाफत दहत्त र बहत्तरमा प्राकृतिक स्रोत कर तोकिए बमोजिम कर संकलन गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१७. **ट्रेकिङ, राक्क्लाम्बीङ,प्याराग्लाईडिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, रकक्लाम्बीङ, प्याराग्लाईडिङ(अनुसूची १५) , कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत गाँउकार्यपालिकाको निर्णय बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१८. **खच्चर प्रवेश शुल्क :** गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने खच्चर तथा घोडा व्यवसाय सेवामा अनुसूची (१६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

१९. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

२१. **ऐनको परिपालना बाध्यकारी हुने :** नार्पा भूमि गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालय तथा अन्य सम्बन्धित कार्यालयहरुबाट समेत सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ ।

२२. **नियम वा कार्यविधी बनाउन सक्ने :** नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यस ऐनमा भएका कर सम्बन्धी ब्यबस्थाहरुलाई नियमित तथा कार्यान्वयन गर्ने प्रयोजनका लागि आवश्यक नियम वा कार्यविधी बनाउन सक्नेछ ।

२३. **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका ब्यबस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२४. यस ऐनमा उल्लिखित ब्यबस्था यसै बमोजिम र उल्लेख नभएको हकमा अन्य प्रचलित ऐन, नियम, कार्यविधी तथा तालुक निकायको परिपत्र तथा मार्गनिर्देशन बमोजिम हुनेछ ।

२५. **आर्थिक वर्ष २०८२।८३ को नार्पा भूमि गाउँपालिकाको आन्तरिक राजश्व प्रक्षेपण विभिन्न अनुसूचीहरु तथा दफाहरुसँग सम्बन्धित रहि कुल प्रक्षेपण अनुमानित आन्तिरिक राजश्व रु.६५०,०००।०० (अक्षेरुपि रु छ लाख पचास हजार मात्र) रहनेछ ।**

**तपसील :**

| अनुसूची-१ | | | | | |
|---|---|---|---|---|---|
| **(दफा २ सँग सम्बन्धित)** | | | | | |
| **मालपोत/भूमिकर:** यस बमोजिमको राजश्व रकम राजश्ज शीर्षक नं. ११३१४ मा बैंक दाखिला गर्नुपर्छ। | | | | | |
| **सि.नं.** | **जग्गाको किसिम** | **विवरण** | **खेततर्फ** | **पाखोतर्फ** | |
| १ | अब्बल, दोयम, सिम, चाहार( पाँचौ तह) | १ रोपनीसम्म न्युनतम | १५ | १० | |
| | | २ रोपनीभन्दा बढी २० रोपनी सम्म प्रति रोपनी | २० | १५ | |
| | | २० रोपनीभन्दा बढी ५० रोपनी सम्म प्रति रोपनी | २५ | २० | |
| बक्यौता रकमको दुई वर्ष सम्मको हजर्ना २५ प्रतिशत, पाँच वर्ष सम्मको हजर्ना ३५ प्रतिशत र सो भन्दा वढि वर्षको हजर्ना ५० प्रतिशत लाग्ने छ।<br>**एकिकृत सम्पति कर विस्तृत अध्ययन पश्चात  लगाईनेछ।** | | | | | |

| अनुसूची-२ | | | | | |
|---|---|---|---|---|---|
| **(दफा ३ सँग सम्बन्धित)** | | | | | |
| **(क) घर कर :** | | | | | |
| १ | घर कर | कच्ची घर प्रति कोठा | रु.२५ | | |
| | | पक्की घर प्रति कोठा | रु.५० | | |
| **(ख) घट्ट कर :** | | | | | |
| | **घट्ट कर** | ६ महिने | रु. ५० | | |
| | | १२ महिने | रु. १५० | | |
| **अनुसूची-३**<br>**(दफा ४ सँग सम्बन्धित)**<br>**(क) घर/जग्गा वहाल कर** | | | | | |
| १. | घर/जग्गा बहाल | जग्गा बहाल कर | १०% प्रतिशत | कृषि प्रयोजनका लागि ५०% छुट । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कोठा वा घर भाडाको | १०% प्रतिशत | | |

**अनुसूची-४**

**(दफा ५ सँग सम्बन्धित)**

**व्यवसाय कर**: यस बमोजिमको राजश्व रकम राजश्ज शीर्षक नं. १४६११ मा बैंक दाखिला गर्नुपर्छ। **कुनै पनि व्यवसाय/फर्म सूचीकृत गर्दा रु ५०० लाग्नेछ।**

| **क.सं.** | **विवरण** | **काम/कारवाही** | **दर/शुल्क** | **कैफियत** |
|---|---|---|---|---|
| **(क) फर्म तथा व्यवसाय** | | | | |
| १. | नविकरण(बक्यौता रकमको) | हर्जना | १०%(प्रतिशत) | |
| २. | संचालित व्यवसायमा (पुँजी वृद्धि) | कारोबार थप दस्तुर | ०.५%(प्रतिशत) बृद्धि भएको रकमको | |
| ३. | व्यवसाय नामसारी | दस्तुर | रु.५०० | |
| ४. | व्यवसाय खारेजी(व्य.संचालकको मृत्यू भएमा) र दैवी प्रकोपको अवस्थामा | दस्तुर | निःशुल्क | |
| ५. | अन्यथा व्यवसाय खारेजी | दस्तुर | रु.५०० | |
| **(ख) भोजनालय,पेय पदार्थ,मदिरा र सुर्तीजन्य पदार्थ :** | | | | |
| १. | मदिरा पसल दर्ता | वितरक | रु.५००० | |
| | | खुद्रा | रु.३००० | |
| | | नविकरण | रु.१५०० | |
| | | बक्यौता हजर्ना | १०% (प्रतिशत) | |
| अवैध मदिरा उत्पादन गर्नेलाई रु.५०००, विक्री वितरण गर्नेलाई रु.५०००, ओसार पसार गर्नेलाई रु.२५०० र सेवन गरि जथाभावी गर्नेलाई रु.२५०० जरिवाना गरिनेछ। मदिरा सेवन गरि जथाभावी गर्नेलाई जरिवाना रु.१५०० गरिनेछ। लाईसेन्स प्राप्त मदिरा विक्रेताले अवैध मदिरा विक्री वितरण गरेकोमा रु.५००० जरिवाना गरिनेछ। | | | | |
| २. | होटल र लज | दर्ता | रु.२००० | |
| | टेन्ट हाउस | दर्ता | रु.१५०० | |
| | चिया तथा खाजा पसल | दर्ता | रु.१००० | |
| | लज मात्र | दर्ता | रु.१५०० | |
| **माथि उल्लेखित व्यवसायको नविकरण शुल्क रु. १००० मात्र लाग्ने छ।** | | | | |
| **विविध व्यवसाय :** | | | | |
| १. | किराना पसल | दर्ता | रु.२००० | |
| २. | पशु आहार विक्री केन्द्र | दर्ता | रु.२००० | |
| ३. | मासु विक्री पसल | दर्ता | रु.२००० | |
| ४. | कोसेली घरको पसल | दर्ता | रु.२००० | |
| ५. | कपडा पसल | दर्ता | रु.२००० | |
| ६. | कपाल काट्ने पसल | दर्ता | रु.२००० | |
| **माथि उल्लेखित व्यवसायको नविकरण शुल्क रु. १००० मात्र लाग्ने छ।** | | | | |
| **(ग) सेवा व्यवसायः संचार सेवा** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. | एफ.एम प्रसारण | दर्ता | रु.१०००० | नविकरण रु ५००० |
| २ | केवल च्यानल प्रसारण | दर्ता | रु.१०००० | नविकरण रु ५००० |
| ३ | पत्र-पत्रिका प्रकाशन सेवा | दर्ता | रु.५००० | नविकरण रु २५०० |
| ४ | फोटोकपी पी.सी.ओ.साईवर तथा क्याफे | दर्ता | रु.२००० | नविकरण रु १००० |
| **(घ) सेवा व्यवसायः** | | | | |
| १. | घरेलु कुटीर उधोग(अगरबत्ती मैनवत्ती अचार) | दर्ता | रु.२००० | |
| २. | प्रशोधन केन्द्र | दर्ता | रु.२००० | |
| ३. | कपडा तथा गार्मेण्ट उधोग | दर्ता | रु.२००० | |
| ४. | कुटानी पिसानी मिल | दर्ता | रु.२००० | |
| ५. | डेरी उधोग व्यवसाय | दर्ता | रु.२००० | |
| ६. | फार्पा ऊन पस्मिना उधोग | दर्ता | रु.२००० | |
| ७. | वन्यजन्तु उधोग | धुपजन्य उधोग | रु.२००० | |
| | | काठ विक्री डिपो | रु.२००० | |
| ८. | उपभोग्य वस्तु,उत्पादन उधोग | कुकिज नुडल्स | रु.२००० | |
| | | दालमोठ पाउरोटी चाउमिन पापड चिप्स फिगर | रु.२००० | |
| ९. | अन्य उधोग(स्याम्पु, ह्याण्डवास, हर्पिक र उत्पादनमुलक अन्य उधोग | दर्ता | रु.२००० | |
| **माथि उल्लेखित व्यवसायको नविकरण शुल्क रु.१००० मात्र लाग्ने छ।** | | | | |
| १०. | **खनिज उधोग :** खनिज उल्खनन वा प्रशोधन गर्ने उधोग व्यवसाय | दर्ता | रु.१०००० | |
| ११. | **उर्जा मूलक उधोग :** जलस्रोत, वायु,शौर्यशत्ति,कोइला, प्राकृतिक तेल, ग्याँस वायोग्याँस र अन्य स्रोतबाट उर्जा पैदा गर्ने उधोग व्यवसाय | दर्ता | रु.१०००० | |
| **खनिज उधोग र उर्जा मूलक उधोग नविकरण शुल्क रु.५००० मात्र लाग्ने छ।** | | | | |
| **फू गाउँ लघ्यु जलविधुत र नार गाउँ लघ्यु जलविधुत सम्बन्धमा** | | | | |
| **विद्युत महसुल** | | | | |

| जम्मा युनिट (कि.वा. प्रति घण्टा) मासिक | सेवा शुल्क | थप इनर्जी शुल्क |
|---|---|---|
| ० २० | रु. १०० | ० |
| २० माथि | रु. १०० | १० प्रति युनिट |
| **दुबै जलविधुतको शुल्क सम्बन्धित वडा कार्यलयले संकलन गर्नेछ।** | | |

| | | | | |
|---|---|---|---|---|
| **(ङ) वित्तिय सेवा** | | | | |
| १. | वित्तिय सेवा | वाणिज्य बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | रु.१०००० | नविकरण रु ५००० |
| | | विकास बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | रु.१०००० | नविकरण रु ५००० |
| | | फाईनान्स कम्पनी शाखा कार्यालय | रु.५००० | नविकरण रु २५०० |
| | | वित्तिय ऋण सहकारी संस्था | रु.५००० | नविकरण रु २५०० |
| | | विमा कम्पनी | रु.५००० | नविकरण रु २५०० |
| | | लघु वित्त | रु.५००० | नविकरण रु २५०० |
| | | मनि ट्रान्सफर | रु.२००० | नविकरण रु १००० |
| | | | | |
| **(च) स्वास्थ्य सेवा :** | | | | |
| १. | स्वास्थ्य सेवा व्यवसाय | क्लिनिक तथा ल्याव | रु.२००० | |
| | | चस्मा पसल | रु.२००० | |
| २. | औषधी पसल तथा फार्मेसी | दर्ता | रु.२००० | |
| ३. | आयुर्वेदिक औषधी पसल | दर्ता | रु.२००० | |
| ४. | एग्रोभेट पसल | दर्ता | रु.२००० | |
| **(छ) परामर्श सेवा :** | | | | |
| १. | विशषेज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सा | रु.२००० | |
| | | कन्सल्टेन्सी सेवा( ईन्जिनियरिंग) | रु.१५०० | |
| | | कानुनी फार्म | रु.१५०० | |
| | | लेखा परिक्षण व्यवसायी | रु.१५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | अनुसन्धानकर्ता परामर्शदाता | रु.१५०० | |
| | | पशु चिकित्सा डाक्टर | रु.१५०० | |
| | | रोजगर सेवा | रु.१५०० | |
| २. | ढुवानी वा ट्रान्सपोर्ट | दर्ता | रु.२००० | |
| ३. | यस वर्गीकरणमा नपरेका व्यवसायीको हकमा एकमुष्ठ | दर्ता | रु.२००० | |
| ४. | प्रमाण-पत्रको प्रतिलिपि दस्तुर | पहिलो प्रतिलिपि | रु.५०० | |
| ५. | **नविकरण दस्तुर** | **(च र छ)का सबै व्यवसायहरु** | **रु.१०००** | |
| **(ज) समूह (सबै किसिमका) र संघ सँस्था दर्ता तथा नविकरण :** | | | | |
| १. | समूह,संघ,संस्था,क्लब, सहकारी दर्ता तथा नविकरण | समूह दर्ता | रु.५०० | |
| | | समूह नविकरण | रु.५०० | |
| | | संस्था दर्ता | रु.५००० | |
| | | संस्था नविकरण | रु.२००० | |
| | | सहकारी दर्ता(ऐन अनुसार) | रु.५००० | |
| | | सहकारी नविकरण | रु.२००० | |
| | | खानेपानी तथा सिंचाई मुहान दर्ता | रु.५०० | |
| | | नविकरण | रु.५०० | |
| | | टोल विकास संस्था दर्ता | रु.५०० | |
| | | **नविकरण** | **रु.५००** | |
| | | कृषक समूह दर्ता | रु.५०० | |
| | | **नविकरण** | **रु.५००** | |
| २. | गैर सरकारी संस्था(वित्तिय संस्था बाहेक) | राष्ट्रिय | रु.५००० | |
| | | अन्तराष्ट्रिय संस्था | रु.१०००० | |
| | | **नविकरण** | **रु.३०००** | |
| **(झ) शिक्षा क्षेत्र :** | | | | |
| १. | शिक्षा सेवा निजी | ट्युसेन सेन्टर | रु.१००० | |
| | | नृत्य कला केन्द्र | रु.३००० | |
| | | तालिम तथा अनुसन्धान केन्द्र | रु.५००० | |
| | | अन्य सिकाई केन्द्र | रु.२००० | |
| | | बौद्ध शिक्षण केन्द्र | रु.२००० | |
| | नविकरण  दस्तुर रु १००० | | | |

| | | | | |
|---|---|---|---|---|
| (ञ) **मर्मत संभार सेन्टर :** | | | | |
| १. | मर्मत सम्भार | टायर ट्युव मर्मत रिसोहोलिंग हावा भर्ने | रु.१००० | |
| | | ईन्जिन मर्मत | रु.१००० | |
| | | डेन्टिङ | रु.१५०० | |
| | | मोटर साइकल( ग्यारेज मर्मत) | रु.२००० | |
| २. | नविकरण दस्तुर | | रु.१००० | |
| सबै किसिमका व्यवसाय, समूह, संघ सँस्था चालु आर्थिक वर्षको श्रावणदेखि असोज मसान्तभित्र नविकरण गर्नुपर्नेछ र म्याद नाघी नविकरण गर्न १०% हर्जना लाग्नेछ । | | | | |
| **पटके व्यवसाय कर** | | | | |
| १. | पोका/झोला सामान घुमाएर बेच्नेलाई प्रति दिन | रु.२० | | |
| २. | ट्रकमा सामान ढुवानी(बाहिरबाट गा.पा.क्षेत्र ल्याउँदा) प्रति पटक | रु.५०० | | |
| ३. | मिनी ट्रकमा सामान ढुवानी(बाहिरबाट गा.पा.क्षेत्र ल्याउँदा) प्रति पटक | रु.२५० | | |
| ४. | सानो गाडीमा सामान ढुवानी( बाहिरबाट गा.पा.क्षेत्र ल्याउँदा) प्रति पटक | रु.२०० | | |
| | | | | |
| **अनुसूची-५<br>दफा ६ सँग सम्बन्धित** | | | | |
| **जडिबुडि,कवाडी र जीवजन्तु कर :** | | | | |
| १. | जडिबुटि/धुपी तथा धुपजन्य | | | |
| क. | **यार्चागुम्बु** | संकलन शुल्क | रु.५००० स्थानीय र रु.३५००० जिल्लाबासीलाई । | |
| | | निकासी कर | प्रति किलो रु.१०,०००। | |
| यार्चागुम्बुको राजश्व बाँडफाँटको प्रतिशत ACAP र स्थानीय CAMC हरुसँग निर्णय गरि निर्धारण गरिनेछ । | | | | |
| ख. | जिम्बु | संकलन शुल्क | रु.५०० स्थानीय र रु.२५०० जिल्लाबासीलाई । | |
| | | निकासी कर | प्रति किलो रु.२०। | |
| ग. | भुई लसुन | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |

| | | | | |
|---|---|---|---|---|
| घ. | कुट्की | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| ङ. | चिराइतो | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| च. | पदमचाल | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| छ. | च्याउँ | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| ज | भोजपत्र | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| झ. | सिलिङ्गे(सिङ्मार) कानून बमोजिम | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| ञ. | धुपीको धुप | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| ट. | फुर्मा साङसिङ | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| ठ. | पाङपोइ | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| ड. | सुनपति(बल) | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| ढ. | खल्मो लोबसाङ(बुकीफुल) | प्रति के.जी | रु ५ संकलन | रु १० निकासी |
| २. | खोटो व्यवसाय | संकलन तथा व्यवसाय | रु.२००० | |
| ३. | कवाड | दर | | |
| क. | फलाम | प्रति के.जी | रु २ | |
| ख. | तामा | प्रति के.जी | रु ४ | |
| ग. | काँस | प्रति के.जी | रु ३ | |
| ४. | चौपाया सम्बन्धी सिफारिस/पैठारी | याक प्रति १ को | रु.५० | |
| | | च्याङग्रा प्रति १ को | रु.१० | |
| | | घोडा प्रति १ को | रु.५० | |
| | | लुलु गाई र अन्य प्रति १ को | रु.१० | |
| ५. | **जीवजन्तु कर :** कानूनले निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तको अंगहरु सम्बन्धित मात्र | दर | | |
| क. | जीवजन्तको हाड | प्रति किला | रु.२ | |
| ख. | जीवजन्तको सिंग | प्रति किला | रु.२ | |
| ग. | जीवजन्तको प्वाँख | प्रति किला | रु.२ | |
| घ. | जीवजन्तको छाला ठूलो | प्रति गोटा | रु.२ | |
| ङ. | जीवजन्तको छाला सानो | प्रति गोटा | रु.२ | |
| च | मासु निकासी(याक, च्याङ्ग्रा, भेडा, बाख्रा) | प्रति के. जी | रु ५ | |
| **अनुसूची-६**<br>**दफा ७ सँग सम्बन्धित** | | | | |
| | | | | |
| १. | अटो/रिक्सा | दर्ता शुल्क | रु.१०००० | |
| | | **नविकरण शुल्क** | **रु.५०००** | |

| | | | | |
|---|---|---|---|---|
| २. | ट्याक्टर | **दर्ता शुल्क** | **रु.१००००** | |
| | | **नविकरण शुल्क** | **रु.५०००** | |
| | | | | |
| गाउँपालिका क्षेत्र भित्र दर्ता सवारी साधनको हकमा कानून तथा कार्यविधि स्वीकृत भएमा मात्र लागू हुने छ । | | | | |
| **अनुसूची-७** | | | | |
| **दफा ८ सँग सम्बन्धित** | | | | |
| १. | विज्ञापन कर | सार्वजनिक जग्गामा विज्ञापन वा साईन वोर्ड राखे वाफत प्रति वर्ष | रु.१००० वार्षिक | व्यवसायको हकमा रु ५०० वार्षिक |
| **अनुसूची-८** | | | | |
| **दफा ९ सँग सम्बन्धित** | | | | |
| गाउँपालिका क्षेत्रभित्र मनोरञ्जनका साथै साधनको हकमा ऐन कानुन तथा कार्यविधि स्वीकृत भएमा मात्र लागू हुनेछ । | | | | |
| १ | फिल्म छायाङकन | रु ५०००० विदेशी | रु २५००० सार्क | रु १०००० नेपाली |
| २ | म्यूजिक भिडियो | रु ५००० नेपाली | | |
| | | | | |
| | | | | |
| **अनुसूची-९** | | | | |
| **दफा १० सँग सम्बन्धित** | | | | |
| १. | तालिम हल भाडा | हल मात्र प्रयोग वाफत दैनिक | रु.५०० | |
| | | हल र प्रोजेक्टर सहित | रु.१५०० | |
| | | तालिम हल मात्र प्रयोग वाफत दैनिक | रु. ५०० | |
| | | तालिम हल तथा प्रोजेक्टर सहित | रु.१५०० | |
| २. | बहाल विटौरी कर | टहरो छाप्रो मासिक | रु.५० | |
| | | घुम्ती व्यापारी मासिक | रु.५०० | |
| | | ठेला मासिक | रु.१०० | |
| | | हिमलुङ बेसक्याम्प | रु ५०००० | |
| | | काङला पास बेसक्याम्प | रु ५०००० | |

| | | | | |
|---|---|---|---|---|
| | | छ्याछ्या जंगल | रु ५०००० | |
| | | छ्याछ्या स्थल | रु ५०००० | |
| | | छोमचुउ गुफा | रु ५०००० | |
| | | धर्मशाला | रु ३०००० | |
| | | याक गोठ | रु १०० | प्रति वस्तु रु ५ |
| | | चौरी गोठ | रु १०० | प्रति वस्तु रु ५ |
| | | भेडा गोठ | रु १०० | प्रति वस्तु रु ५ |
| | | च्याङ्ग्रा गोठ | रु १०० | प्रति वस्तु रु ५ |
| | | खच्चर गोठ | रु १०० | प्रति वस्तु रु ५ |
| | | घोडा गोठ | रु १०० | प्रति वस्तु रु ५ |
| | | गाई गोठ | रु १०० | प्रति वस्तु रु ५ |
| **अनुसूची-१०** | | | | |
| **दफा ११ सँग सम्बन्धित** | | | | |
| गाउँपालिका क्षेत्रभित्र पार्किङ शुल्कको हकमा ऐन कानुन तथा कार्यविधि स्वीकृत भएमा मात्र लागु हुनेछ । | | | | |
| **अनुसूची-११** | | | | |
| **दफा १२ सँग सम्बन्धित** | | | | |
| क्र.सं. | सेवाको विवरण | इकाई | शुल्क, दस्तुर रु. | कैफियत |
| १. | नागरिकता सिफारिस फाराम सहित | प्रति सिफारिस | २०० | |
| २. | नागरिकता प्रतिलिपी सिफारिस | प्रति सिफारिस | ३०० | |
| ३. | अंगिकृत नागरिकता सिफारिस | प्रति सिफारिस | १०००.०० | |
| ४. | नाम, थर संशोधन सिफारिस | प्रति सिफारिस | ५०० | |
| ५. | नाता प्रमाणित सिफारिस (स्वदेश प्रयोजन) | प्रति सिफारिस | २०० | |
| ६. | नाता कायम सिफारिस | प्रति सिफारिस | २०० | |
| ७. | बसोबास प्रमाणित सिफारिस | प्रति सिफारिस | २०० | |
| ८. | पिछडिएको क्षेत्र सिफारिस | प्रति सिफारिस | २०० | |
| ९. | नाबालक सिफारिस | प्रति सिफारिस | २०० | |
| १०. | जन्म मिति प्रमाणित सिफारिस | प्रति सिफारिस | २०० | |
| ११. | बैबाहिक सम्बन्ध प्रमाणित सिफारिस | प्रति सिफारिस | ४०० | |
| १२. | अविवाहित प्रमाणित सिफारिस | प्रति सिफारिस | ४०० | |
| १३. | पारिवारिक विवरण सिफारिस | प्रति सिफारिस | २०० | |
| १४. | ब्यक्ति प्रमाणित सिफारिस | प्रति सिफारिस | २०० | |
| १५ | मदिरा ब्यबसाय सिफारिस | प्रति सिफारिस | १००० | |
| १६. | ब्यक्तिगत घटना दर्ता (पञ्जिकरण) ( ३५ दिन पछिको) | प्रति दर्ता | ५० | |
| १७. | घर जग्गा नामसारी सिफारिस | प्रति सिफारिस | २०० | |
| १८. | मोही लगतकट्टा सिफारिस | प्रति सिफारिस | ३०० | |
| १९. | अंशबण्डा सिफारिस | प्रति सिफारिस | २०० | |

| | | | | |
|---|---|---|---|---|
| २०. | घरबाटो प्रमाणित सिफारिस/बाटो नभएको | प्रति सिफारिस | २०० | |
| २१.<br>२२. | छुट जग्गा दर्ता सिफारिस<br>घर जग्गा दा.खा. सिफारिस | प्रति रोपनी | १००० | |
| | | प्रति सिफारिस | ५०० | |
| २३. | जग्गा सम्बन्धी अन्य सिफारिसहरुःबकस, राजिनामा, सट्टापट्टा आदि | प्रति सिफारिस | २०० | |
| २४. | जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी सिफारिस | प्रति सिफारिस | २०० | |
| २५. | बन्दुक नविकरण सिफारिस | प्रति बन्दुक सिफारिस | १००० | |
| २६. | पञ्जिकरण प्रतिलिपी | प्रति सिफारिस | ३०० | |
| २७. | विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिस | प्रति सिफारिस | ० | |
| २८. | अपाङ्ग सिफारिस | प्रति सिफारिस | ० | |
| २९ | अस्थायी बसोबास सिफारिस | प्रति सिफारिस | २०० | |
| ३०. | स्थायी बसोबास सिफारिस | प्रति सिफारिस | २०० | |
| ३१.<br>३२. | आर्थिक अवस्था बलियो र सम्पन्नता प्रमाणित<br>आर्थिक अवस्था कमजोर र विपन्नता प्रमाणित | प्रति सिफारिस | १००० | |
| | | प्रति सिफारिस | ० | |
| ३३. | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी/ठाउँसारी सिफारिस | प्रति सिफारिस | २०० | |
| ३४. | धारा जडान सिफारिस | प्रति सिफारिस | ३०० | |
| ३५. | जिवित रहेको सिफारिस | प्रति सिफारिस | २०० | |
| ३६. | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक परेको जन्म मिति संशोधन सिफारिस | प्रति सिफारिस | २०० | |
| ३७. | वार्षिक आय श्रोत प्रमाणित सिफारिस (कुल रकमको रु. | कुल रकमको | ०.१% | गाउँ कार्यपालिकाबाट मात्र प्रदान गरिने । |
| ३८. | ब्यबसाय बन्द सिफारिस | प्रति सिफारिस | २०० | |
| ३९. | ब्यबसाय सञ्चालन भएको सिफारिस | प्रति सिफारिस | २०० | |
| ४०. | ब्यापार ब्यबसाय नभएको सिफारिस | प्रति सिफारिस | २०० | |
| ४१. | नाबालक परिचय पत्र सिफारिस | प्रति सिफारिस | २०० | |
| ४२. | चौपाया सम्बन्धी सिफारिस | प्रति सिफारिस | २०० | |
| ४३. | ब्यबसाय दर्ता सिफारिस | प्रति सिफारिस | २०० | |
| ४४. | उद्योग व्यवसाय ठाउँसारी सिफारिस | प्रति सिफारिस | २०० | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | आन्तरिक बसाई सराई सिफारिस | प्रति सिफारिस | २०० | |
| ४६. | विद्यालय संचालन स्वीकृती/कक्ष बृद्धि सिफारिस (सामुदायिक) | प्रति सिफारिस | २०० | गाउँ कार्यपालिकाको कार्यालयबाट मात्र गर्न सकिने । |
| ४७. | संरक्षक सिफारिस (ब्यक्तिगत) | प्रति सिफारिस | २०० | |
| ४८. | संरक्षक सिफारिस (संस्थागत) | प्रति सिफारिस | २०० | |
| ४९. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | प्रति सिफारिस | २०० | |
| ५०. | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | प्रति सिफारिस | ० | |
| ५१. | संघ संस्था दर्ता सिफारिस | प्रति सिफारिस | २०० | |
| ५२. | घर अभिलेखिकरणः पक्की नक्सा प्रमाणित सहितको | बर्गफिट | प्रति वर्ग फिट रु. ३ | |
| ५३. | घर अभिलेखिकरण दस्तुर : कच्चि ढुंगाको छाना भएको | बर्गफिट | प्रति वर्ग फिट रु. १.५ | |
| ५४. | घर अभिलेखिकरण दस्तुर : कच्चि टिनको छाना भएको | बर्गफिट | प्रति वर्ग फिट रु. १ | |
| ५५. | घर नक्सा पास गर्दा निवेदन दस्तुर | | २०० | |
| ५६. | नयाँ घरको नक्सा पास दस्तुर/पक्कि/सिमेन्टेड | प्रति वर्ग फिट | रु.५ | गाउँ कार्यपालिकाको कार्यालयबाट मात्र प्रदान गरिने । |
| ५७. | नयाँ घरको नक्सा पास दस्तुर/कच्ची, ढुंगा, काठ, टिन | प्रति वर्ग फिट | रु.३ | |
| ५८. | नक्सा पास गर्दा रेखांकन शुल्क | प्रति वर्ग फिट | रु.१ | |
| ५९. | घर निर्माण सम्पन्न प्रमाणपत्र | प्रति सिफारिस | १००० | |
| ६०. | चार किल्ला प्रमाणित | प्रति सिफारिस | २०० | |
| ६१. | खुल्न नआएका अन्य सिफारिस | प्रति सिफारिस | रु. ५०० | |
| ६२. | डोजर, रोलर ब्याकहोलोडर, स्काइभेटर जस्ता हेभी इक्वीपमेन्ट संचालन अनुमती शुल्क | प्रति आयोजना | रु.२००० | |
| ६३. | उद्योग दर्ता सिफारिस क्रमशः ठुलो, मझौला, लघु र साना | प्रति सिफारिस क्रमश | रु.५०००, रु४०००, रु३०००, रु.२००० | |
| ६४. | पेन्सन पट्टा सिफारिस(स्वदेशी) | प्रति सिफारिस | २०० | |
| ६५. | पेन्सन पट्टा सिफारिस (विदेशी) | प्रति सिफारिस | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ६६. | वस्तुगत विवरण (घर, गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस | प्रति सिफारिस | २०० | |
| ६७. | मिलापत्र बक्सौनी दस्तुर | प्रति सिफारिस | ५०० | |
| ६८. | कुनै पनि कागजातको नक्कल | प्रति पाना | रु.५० | |
| ६९. | हरेक किसिमका सर्जमिन मुचुल्का | सर्जमिन मुचुल्का | ३००० | |
| | **आयस्रोत मुल्याकंन सिफारिस** | | | |
| १ | वर्षिक रु १० लाख सम्मको | | रु १००० | |
| २ | वर्षिक रु २० लाख सम्मको | | रु २००० | |
| ३ | वर्षिक रु ३० लाख सम्मको | | रु ३००० | |
| ४ | वर्षिक रु ५० लाख सम्मको | | रु ५००० | |
| ५ | वर्षिक रु ५० लाख भन्दा माथि | | रु १०००० | |
| | **विद्यार्थी प्रयोजनको लागि** | | | |
| १ | घर जग्गा प्राविधिक मुल्यांकन | | रु १५०० | |
| २ | आयस्रोत मुल्यांकन | | रु १००० | |
| माथि उल्लेखित सिफारिस वा प्रमाणित कागजात पुनःआवश्यक परेमा शुरु तोकिएको दस्तुर पुनःलाग्ने छ। उल्लेखित कागजात अँग्रेजी भाषामा रु. थप ५०० लाग्ने छ। माथि उल्लेखित बाहेक निर्णय वा फैसलाको प्रतिलिपि आदिको नक्काल आवश्यक परेमा प्रति पाना रु.५ लाग्ने छ। | | | | |
| **राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग अनुसार :** | | | | |
| १. | **व्यक्तिगत घटना दर्ता** | जन्म दर्ता ३५ दिन भित्र भए निःशुल्क अन्यथा | रु.२०० | |
| | | मृत्यू दर्ता ३५ दिन भित्र भए निःशुल्क अन्यथा | रु.२०० | |
| | | विवाह दर्ता ३५ दिन भित्र भए निःशुल्क अन्यथा | रु.२०० | |
| | | बसाई सराई दर्ता ३५ दिन भित्र भए निःशुल्क अन्यथा | रु.२०० | |
| | | सम्बन्ध विच्छेद दर्ता ३५ दिन भित्र भए निःशुल्क अन्यथा | रु.२०० | |
| माथि उल्लेखित व्यक्तिगत घटना दर्ताको प्रतिलिपि शुल्क रु.५०० मात्र लाग्ने छ। | | | | |
| **अनुसूची-१२** | | | | |
| **(दफा १३ सँग सम्बन्धित)** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. | स्रोत परिचालन | जे.सि.वि. स्काईभेटर वोकेट प्रयोग वापत प्रति घण्टा(इन्धन वाहेक) | रु.३००० | |
| | | जे.सि.वि. स्काईभेटर ब्रेकर प्रयोग वापत प्रति घण्टा(इन्धन वाहेक) | रु.३००० | |
| | | टिप्पर भाडा प्रति महिना | रु.८००० | |
| | | एम्बुलेन्स कार्यविधि अनुसार | | |
| २. | स्रोत परिचालन | हल भाडा प्रति दिन( तालिम बाहेक अन्य बैठक र कार्यक्रमको प्रयोजनको लागि) | रु.१५०० | |
| | | प्रोजेक्टर भाडा प्रति दिन | रु.५०० | |
| | | टेन्ट कुर्सी साउण्ड सिस्टम प्रति दिन | रु.५००० | |
| | | टेन्ट प्रति दिन( साउण्ड सिस्टम बाहेक) | रु.४००० | |
| | | कुर्सी मात्र प्रति दिन प्रति कुर्सी | रु.२५ | |
| | | साउण्ड सिस्टम( डिजि) | रु.१००० | |
| | | जेनेरेटर भाडा प्रति दिन(तेल वाहेक) | रु.२००० | |
| विविध सेवा : फोटोकपि प्रति पाना रु.५ | | | | |
| **अनुसूची-१३** | | | | |
| **(दफा १४ सँग सम्बन्धित)** | | | | |
| संस्थागत तथा समूहगत रुपमा प्राचीन फू गाउँभित्र प्रवेश वाफत प्रति दिन रु.१०० | | | | |
| पर्यटन सरसफाई शुल्क रु ५०० नेपाली रु १०००।०० | | | | |
| हेलिप्याड प्रयोग वापत प्रति अवतरण रु २०००।०० | | | | |
| **अनुसूची-१४**<br>**(दफा १५ सँग सम्बन्धित)** | | | | |
| स्थानीय सरकार मातहतका योजना (सिफारिस तथा दस्तुर) | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. | योजना सम्झौता तथा योजना कार्य सम्पन्न | २ लाख सम्म | रु.५०० | |
| | | २ लाख देखि माथि ५ लाखसम्म | रु.१००० | |
| | | ५ लाख देखि माथि १० लाख सम्म | रु.२५०० | |
| | | १० लाख भन्दा माथि | रु.३५०० | |
| **प्रदेश सरकार मातहतका योजना(सिफारिस तथा दस्तुर)** | | | | |
| १. | योजना सम्झौता र सम्पन्न सिफारिस(एकमुष्ठ) | ५ लाख सम्म | रु.२००० | |
| | | ५ लाख देखि माथि १० लाख सम्म | रु.४००० | |
| | | १० लाख भन्दा माथि | रु.५००० | |
| **संघीय सरकार मातहतका योजना(सिफारिस तथा दस्तुर)** | | | | |
| १. | योजना सम्झौता र सम्पन्न सिफारिस(एकमुष्ठ) | ५ लाख सम्म | रु.२५०० | |
| | | ५ लाख देखि माथि १० लाख सम्म | रु.५००० | |
| | | १० लाख भन्दा माथि | रु.७००० | |
| **नोट : योजना सम्झौता र सम्पन्न सिफारिस (एकमुष्ठ) पहिलो पटक नै सम्बन्धित समितिले बुझाउनुपर्नेछ।** | | | | |
| **(दफा १५ सँग सम्बन्धित)** | | | | |
| १. | "घ" वर्ग इजाजत पत्र दर्ता | "घ" वर्ग इजाजत पत्र दर्ता दस्तुर | रु.२०००० | |
| | | "घ" वर्ग इजाजत पत्र नविकरण दस्तुर | रु.६००० | |
| **(दफा १६ सँग सम्बन्धित)** | | | | |
| १. | ढुंगा,गिट्टी,वालुवा विक्री वितरण तथा निकासी | | प्रदेश आर्थिक ऐन बमोजिम | |
| | | | प्रदेश आर्थिक ऐन बमोजिम | |
| | | | प्रदेश आर्थिक ऐन बमोजिम | |
| २. | स्लेट उत्खन्नन | | प्रदेश आर्थिक ऐन बमोजिम | |
| | | | प्रदेश आर्थिक ऐन बमोजिम | |

| | | | | |
|---|---|---|---|---|
| ३. | स्लेट सप्लायर्स | | प्रदेश आर्थिक ऐन बमोजिम | |
| ४ | ढुंगा चट्टा | | प्रदेश आर्थिक ऐन बमोजिम | |
| ५ | खानी ढुङ्गा पलेउटा | | प्रदेश आर्थिक ऐन बमोजिम | |
| **उजुरी तथा जरिवाना :** | | | | |
| १. | उजुरी वा मुद्दा दर्ता | दस्तुर | रु.१०० | |
| २. | प्रतिबादी दस्तुर | | रु.१०० | |
| ३. | नक्कल दस्तुर | | रु.१०० | |
| ४. | सामाजिक अवरोध तथा कुरुती गरेमा | जरिवाना | रु.५००० | |
| ५. | योजना बुक हराएको | जरिवाना | रु १००० | |

**अनुसूची १५**

**(दफा १७ संग सम्बन्धित)**

| क.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | रकक्लाम्बीङ | प्रति व्यक्ति प्रति दिन | रु १००० | |
| २ | प्याराग्लाईडिङ | प्रति व्यक्ति प्रतिदिन | रु १००० | |

**अनुसूची १६**

**(दफा १८ संग सम्बन्धित)**

| क.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | नियमित खच्चर | प्रति १ | रु १००० | |
| २ | पटके खच्चर | प्रति १ | रु ५०० | |
| **नोट : संकलित खच्चर व्यवसाय कर वडा नं २ ले संकलन गरी गाउँपालिकाको राजश्व तथा आर्थिक प्रशासन शाखालाई उपलब्ध गराउनुपर्नेछ ।** | | | | |

**आज्ञाले**

**शुशिल लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**